लालीगुराँस नगरपालिका

# लालीगुराँस नगरपालिकाको राजपत्र

खण्डः ७ संख्याः २२ मितिः २०८१/०९/०१

**भाग -२**

**लालीगुराँस नगरपालिका, तेह्रथुम**

## लालीगुराँस नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८१

नगर कार्यपालिकाबाट पारित मितिः २०८१।०२।०९

नगर प्रमुखबाट प्रमाणीकरण मितिः २०८१।०८।२५

**<u>प्रस्तावनाः</u>** स्थानीयस्तरको विकास निर्माणमा निजीक्षेत्रको ज्ञान र विशेषज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहिता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा स्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजीक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (छ) को उपखण्ड (१०) ले दिएको अधिकार प्रयोग गरी लालीगुराँस नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधिको तर्जुमा गरी लागू गरेको छ।

### परिच्छेद १

### <u>प्रारम्भिक</u>

**१.<u>संक्षिप्त नाम, र प्रारम्भः</u>** (१) यो कार्यविधिको नाम ""घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि लालीगुराँस नगरपालिकाको राजपत्रमा प्रकाशन भए पछि नगरपालिका क्षेत्रभित्र लागू हुनेछ।

२. **<u>परिभाषा र व्याख्या:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यविधि" भन्नाले ""घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८१" लाई सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले लालीगुराँस नगरपालिका, तेह्रथुमको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले लालीगुराँस नगरपालिकाको नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(घ) "नगरपालिका" भन्नाले लालीगुराँस नगरपालिका, तेह्रथुमलाई सम्झनु पर्छ।

(ङ) "नगर प्रमुख" भन्नाले लालीगुराँस नगरपालिका, तेह्रथुमको नगर प्रमुखलाई सम्झनु पर्छ।

(च) "सभा" भन्नाले लालीगुराँस नगरपालिका, तेह्रथुमको नगर सभालाई सम्झनु पर्छ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लालीगुराँस नगरपालिका, तेह्रथुमको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

## परिच्छेद २

## <u>इजाजतपत्र सम्बन्धी व्यवस्था</u>

३. **<u>इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने:</u>** प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन।

४. **<u>नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था:</u>** (१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची १ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्त उपर प्रमुख प्रशासकीय अधिकृतले अनुसूची २ बमोजिमको योग्यता भए/नभएको सम्वन्धमा सिभिल इञ्जिनियर/सव इन्जिनियर र राजस्व हेर्ने शाखा/उपशाखाको कर्मचारी सम्मिलित समितिवाट जाँचवुझ गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको समितिले गरेको न्युनतम योग्यता पुगेका निर्माण व्यवसायीका लागि इजाजतको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि नगर प्रमुख मार्फत् कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम कार्यपालिकाबाट इजाजत प्रदान गर्ने निर्णय भएमा प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र वापत् नगरपालिकाले तोकेको दस्तुर लिई निर्माण व्यवसायीलाई अनुसूची ३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ।

(५) उपदफा (४) बमोजिम इजाजतपत्र उपलब्ध गराए पश्चात् कार्यालयले सोको विवरण सहित अनुसूची ४ बमोजिमको ढाँचामा अभिलेख खडा गरी राख्नु पर्नेछ।

## परिच्छेद ३

## इजाजतपत्रको हेरफेर, थपघट तथा नवीकरण

**५. विवरण हेरफेर गर्न सकिनेः** (१) निर्माण व्यवसायीले व्यवसाय सञ्चालन गर्दा इजाजतपत्रमा केही हेरफेर, परिवर्तन वा नामसारी गर्नुपर्ने भएमा कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचबुझ गरी व्यहोरा मनासिव देखिएमा निवेदन परेको पन्ध्र दिनभित्र विवरण हेरफेर भएको कारण समेत खुलाई संशोधन गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम संशोधन गरिएको विवरण सम्बन्धित शाखा/उपशाखाले इजाजतपत्रमा उल्लेख गर्नु/गराउनु पर्नेछ।

**६. साझेदारी थपघट र ठाउँसारी सम्बन्धी व्यवस्थाः** (१) एक व्यक्ति वा एकभन्दा बढी व्यक्तिको नाममा निर्माण इजाजत लिएका व्यवसायमा साझेदार थपघट गर्नु परेमा सम्बन्धित आधिकारिक निकायबाट साझेदार थपघट गरेको प्रमाण सहित आवश्यक कागजात संलग्न राखी कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयको राजस्व शाखा/उपशाखाले आवश्यक जाँचबुझ गरी इजाजतपत्रमा विवरण अद्यावधिक गरी दिन सक्नेछ।

(३) नगरपालिकामा अभिलेखीकृत भएका वा नगरपालिकाबाट इजाजतपत्र लिएका निर्माण व्यवसायहरु नगरपालिका क्षेत्रभित्रबाट अन्यत्र स्थानीय तहमा ठाउँसारी भै जाने भनी कार्यालयमा निवेदन परेमा राजस्व शाखा वा उपशाखाले आवश्यक जाँचबुझ गरी कार्यालयको लगतमा विवरण अद्यावधिक गरी ठाउँसारी जाने स्थानीय तहलाई लेखी पठाई दिनु पर्नेछ।

(४) अन्य स्थानीय तहमा अभिलेखीकृत भएका वा अन्य स्थानीय तहबाट इजाजतपत्र लिएका निर्माण व्यवसायहरु नगरपालिका क्षेत्रभित्र ठाउँसारी भै आउन चाहेमा सम्बन्धित स्थानीय तहको सिफारिस र इजाजतपत्रसँग सम्बन्धित सम्पूर्ण अभिलेख र कागजात सहित ठाउँसारी भै नगरपालिका क्षेत्रभित्र आउनसक्नेछन्।

७.**<u>इजाजतपत्रको अवधि र नवीकरणः</u>** (१) दफा ४ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ८ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको तीन महिनाभित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र नगरपालिकालाई तिर्नु वा बुझाउनु पर्ने कर तिरी सकेको प्रमाणस्वरुप सम्बन्धित निकायका कर कार्यालयबाट प्राप्त कर चुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित नगरपालिकाबाट निर्धारण भएको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ।

(३) इजाजत पत्र नवीकरण गर्न नगरपालिकामा कागजात पेश गर्दा अनुसूची ६ वमोजिमको पासबुक विवरण भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफूले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नवीकरण गर्न माग गरेमा नगरपालिकाले निर्धारण गरेको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरी दिन सक्नेछ।

(५) अनुसूची ६ बमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नवीकरण गर्न नगरपालिका वाध्य हुने छैन।

(६) उपदफा (४) बमोजिमको म्याद नाघेको एक वर्षभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नवीकरण गर्न माग

गरेमा नगरपालिकाले निर्धारण गरेको दस्तुर लिई कार्यपालिकाले इजाजतपत्र नवीकरण गरी दिन सक्नेछ।

## परिच्छेद ४

## इजाजतपत्रको खारेजी

**८. इजाजतपत्रको खारेजीः** (१) देहायको अवस्थामा नगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछः

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठा विवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भीर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखिआएमा।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइनेछ।

(३) दफा ७ को उपदफा (४) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र खारेज हुन सक्नेछ।

(४) इजाजतपत्र खारेज भएकोमा नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालय र सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु पर्नेछ।

**९. इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्थाः** कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन कार्यालयमा निवेदन गरेमा नगरपालिकाले निर्धारण गरेको दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ।

**१०. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा लेखिए जति प्रावधानहरु यसै बमोजिम र अन्य प्रावधानहरुका हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**११. बाधा/अड्काउ फुकाउन सक्नेः** यो कार्यविधि कार्यान्वयनमा कुनै वाधा/अड्काउ आई परेमा कार्यपालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

**१२. <u>खारेजी र बचाउः</u>** (१) "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ खारेज गरिएको छ।

(२) उपदफा (१) मा उल्लिखित कार्यविधि बमोजिम भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची १

(कार्यविधिको दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

## इजाजतपत्रको लागि दिइने दरखास्त

विषयः इजाजतपत्र पाउँ।

श्री लालीगुराँस नगर कार्यपालिकाको कार्यालय,

बसन्तपुर, तेह्रथुम।

यस कार्यालयको कार्यविधि बमोजिम सार्वजनिक निर्माण कार्य गर्नका लागि इजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ।

**१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको-**

क. नाम र ठेगानाः ख. टेलिफोन नं.

ग. इमेल ठेगानाः घ.फ्याक्स नं.

**२. फर्म वा कम्पनीको प्रकृतिः (कोठामा रेजा लगाउने)**

| प्राइभेट लिमिटेड कम्पनी | एकलौटी | पब्लिक लिमिटेड कम्पनी | साझेदारी |
|---|---|---|---|
| | | | |

**३. सम्पर्कका लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको-**

क. नाम, थर र ठेगानाः ख. टेलिफोन नं.

ग. इमेल ठेगानाः घ. फ्याक्स नं.

**४. फर्म वा कम्पनीको विवरणः**

क. दर्ता नं. ख. दर्ता मितिः

ग. अधिकृत पुँजीः रु. घ. जारी पुँजीः

ङ. दर्ता गर्ने कार्यालयको नाम र ठेगानाः

**५. इजाजतपत्र लिन चाहेको वर्गः घ वर्ग**

**६. समुहीकरण हुन चाहेको समुहः**

**७. आर्थिक स्रोतको विवरणः**

| विवरण | रकम | वित्तीय संस्था/बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |

| | | |
|---|---|---|
| चल्ती खाता | | |
| बचत खाता | | |
| उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ। | | |

**८. कामदारको विवरणः**

| **प्राविधिक** | **अप्राविधिक** | **अन्य** |
|---|---|---|
| नोटः प्राविधिक कर्मचारीको शैक्षिक योग्यताको प्रमाणपत्र र निजको मञ्जुरीनामा पेश गर्नु पर्नेछ। | | |

**९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारीसाधन/मेशिनरी औजार उपकरणको विवरणः**

| क्र.सं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| **<u>द्रष्टव्यः</u>** यस विवरणमा उल्लिखित सवारीसाधन तथा मेशिनरी औजार उपकरणको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजार उपकरणहरु चालु अवस्थामा रहेको छ भनी मेकानिकल इञ्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ। | | | | | | |

**१०. यस अघि सम्पन्न गरेको कामको विवरणः**

| क्र.सं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था (प्रगति प्रतिशत) |
|---|---|---|---|---|---|
| | | | | | |

**११. करचुक्ता गरेको प्रमाण कागजातः**

| | | |
|---|---|---|
| क. | ख. | ग. |

| |
|---|
| यस दरखास्त फारममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ, झुठा ठहरिए कानून बमोजिम सहुँला, बुझाउँला। |

| | |
|---|---|
| निर्माण व्यवसायीको छाप | <u>**दरखास्तवालाको**</u>-<br>दस्तखतः<br>मितिः |

<u>**द्रष्टव्यः**</u> यस दरखास्त फारमसाथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको वखत् सक्कल कागजात पेश गर्नु पर्नेछ।

# अनुसुची २

(कार्यविधिको दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

## "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. **आर्थिक क्षमता:** प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बन्धित आधिकारिक निकायमा दर्ता भएको हुनु पर्नेछ।

२. **मुख्य जनशक्ति विवरण:** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण एकजना प्राविधिक, कुनैपनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एकजना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एकजना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ।

३. **मेशिन र उपकरण:**

(क) ट्रिपर र ट्र्याक्टर (एक/एक थान) (ख) मिक्सर (एक थान)

(ग) थेडोलाइट/लेभल मेशिन (एक सेट) (घ) वाटर पम्प (एक थान)

(ङ) भाइब्रेटर (एक थान)

**द्रष्टव्य:**

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्व (भाडा वा लिजमा लिएको भए सोको सक्कल कागजात) को प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल इञ्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल इन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल इन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन।

४. पन्ध्र वर्षभन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तरबृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन।

**अनुसूची ३**

कार्यविधिको दफा ४ को उपदफा (४) सँग सम्बन्धित

लालीगुराँस नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बसन्तपुर, तेह्रथुम

**इजाजतपत्र**

इजाजतपत्र नं.

मितिः

लालीगुराँस नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८१ को दफा बमोजिम निर्माण व्यवसाय गर्न ...................... स्थित कार्यालय भएको ..................... फर्म/कम्पनीलाई "घ" वर्गको इजाजतपत्र प्रदान गरिएको छ।

इजाजतपत्र दिनेको-

दस्तखतः

नामः

पदः

मितिः

कार्यालयः

नवीकरण

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण वहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**<u>द्रष्टव्यः</u>**

१. यो इजाजतपत्र एक आर्थिक वर्षसम्म मात्र बहाल रहनेछ।

२. प्रत्येक वर्षको श्रावण महिनादेखि असोज मसान्तभित्र नगरपालिकाले तोकेको दस्तुर तिरी इजाजतपत्र नवीकरण गर्नु पर्नेछ।

३. असोज मसान्तभित्र नवीकरण नगरी म्याद नाघेको छ महिनाभित्र नगरपालिकाले तोकेको दस्तुर तिरी नवीकरण गर्न सकिनेछ।

४. आर्थिक वर्ष शुरु भएको नवौं महिनाभित्र पनि नवीकरण नभएको इजाजतपत्र कार्यालयले खारेज गर्न सक्नेछ। तर, कार्यपालिकाले तोकिएको दस्तुर लिई एकपटकका लागि नवीकरण गरी दिन सक्नेछ।

# अनुसूची ४

लालीगुराँस नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बसन्तपुर, तेह्रथुम

## घ वर्गको निर्माण व्यवसायीको अभिलेख

नामसारी विवरण

नामः

ठेगानाः

सम्पर्क नं.

| विवरण | आ.व. | नवीकरण मिति | छुट | जरिवाना | रसिद नं. | म्याद समाप्त हुने मिति | प्रमाणित गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| इजाजत पत्र नः<br>सञ्चालकको नामः<br>ठेगानाः<br>फर्मको नामः<br>ठेगानाः<br>बाबुको नामः<br>इजाजत प्राप्त मितिः<br>सम्पर्क नं. | | | | | | | | |
| | | | | | | | | |

# अनुसूची ५

## निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| क्र.सं. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर % मा | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण (यदि भएमा) | भेरिएसनको विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

# अनुसूची ६

## (कार्यविधिको दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

## निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| क्र.सं. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर प्रतिशतमा | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण (यदि भएमा) | भेरिएसनको विवरण (यदि भएमा) | प्रतगित विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क. ठेक्का रकमः | क. नामः | क. थप समयः | क. भेरिएसन पछिको कन्ट्रयाक्ट रकमः | क. सम्पन्न रकमः | क. अन्तिम ठेक्का रकमः | |
| | | | | | ख. सम्झौता मितिः | ख. पदः | ख. नामः | ख. भेरिएसनको निर्णय गर्ने पदाधिकारीको नामः | ख. सम्पन्न मितिः | ख. सम्पन्न मितिः | |
| | | | | | ग. ठेक्का अवधिः | ग. पदः | ग. पदः | ग. पद | ग. सम्पन्नः | | |

**आज्ञाले**

**सन्तोष घिमिरे**

**प्रमुख प्रशासकीय अधिकृत**